# दुप्चेश्वर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## समुन्द्रटार, नुवाकोट
## बागमती प्रदेश, नेपाल

### आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम

सुन्दर र समृद्ध दुप्चेश्वरको सार ।
कृषि, पर्यटन सम्पदा र जलाधार ।।

दुप्चेश्वर गाउँपालिकाका उपाध्यक्ष ज्यू ,
सातै वडाका वडाध्यक्ष ज्यू,
कार्यपालिका सदस्य ज्यू
सभाका सम्पूर्ण सदस्य ज्यू,
प्रमुख प्रशासकीय अधिकृत ज्यू ,
वडा सचिव तथा अन्य कर्मचारी मित्रहरु ।

१. आज हामी कोभिड-१९ (कोरोना भाइरस) ले निम्त्याएको महाआर्थिक तथा मानवीय क्षतिको चपेटामा छौं ।विश्वव्यापी कोरोना आतंकबाट सिर्जित मानवीय क्षति, आर्थिक गतिशीलतामा आएको कमी, जनमानसमा देखा परेको किंकर्तव्यविमूढता, व्यक्तिगत स्वास्थ्य सजगतामा देखिएको अन्यौलता, चालु आ.व. का पुँजीगत कार्यसम्पन्नता, विश्वव्यापी महामारीले निम्त्याएको असहज परिस्थितिसँग जुद्धै यस विषम परिस्थितिमा विषाणु परास्त गर्न प्रतिरोधी क्षमता अभिवृद्धि गर्ने विविध क्रियाकलापमा समाहित हुँदै समृद्ध दुप्चेश्वर, सुखी दुप्चेश्वरवासी यस सपनालाई साकार पार्न एवम् नेपाल सरकारको सन् २०३० भित्र दिगो विकासका लक्ष्य हासिल गरी विकासोन्मुख मुलुक बन्ने सोचमा सहयात्री बन्दै सोही अन्तर्गत दुप्चेश्वरवासीका चाहना, आवश्यकतालाई सम्बोधन गर्न कटिबद्ध छौं ।

२. नेपाली जनताको लोकतन्त्र, गणतन्त्र, समानता, सामाजिक विकासको चाहना अनुरुप पटक पटक भएका विभिन्न आन्दोलनका कारण लोकतान्त्रिक मूल्य एवं मान्यतालाई आत्मसाथ गर्दै राज्य प्रणालीको क्रमशः रुपान्तरण हुँदै आएको छ । राज्य प्रणालीको रुपान्तरणसँगै एकात्मक, केन्द्रीकृत ढाँचाको राज्यको स्वरुपमा आमूल परिर्वतन गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गर्नका लागि विशिष्ट योगदान पुर्याउने विभिन्न क्षेत्र, वर्ग र विशेषतः यस क्रममा ज्यानको आहुति दिने वीर शहीदहरुप्रति श्रद्धासुमन अर्पण गर्दछु एवम् बेपत्ता तथा घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु । कोरोना भाइरसको निर्मम सिकारमा परी मृत्युवरण गर्नुहुने देशभरिका दाजुभाइ दिदीबहिनीहरु प्रति

हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु र संक्रमित हुनुभएका यस गाउँपालिकाका नागरिकहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

३. संघीय शासन प्रणालीको पहिलो पटक अभ्यास गर्ने क्रममा हामी जनप्रतिनिधिहरु निर्वाचित भएर पदबहाली गरेकै दिनदेखि दुप्चेश्वरवासीको सर्वाङ्गिण विकासका लागि लक्षित भई प्रचलित कानूनले तोकेको परिधिभित्र रही गाउँपालिकालाई संविधानतः प्राप्त अधिकारको समुचित प्रयोग गरी स्थानीय तहको योजना निर्माण, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन जस्ता प्रक्रियामा स्थानीय सरोकारवालाहरुको अधिकतम् सहभागिता सुनिश्चित गर्ने, शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार एवम् व्यवस्थापकीय सुशासन कायम राखी शीघ्रातिशीघ्र दुप्चेश्वरवासी सम्पूर्ण नागरिकहरुलाई सेवा प्रवाह गरिरहेका छौं ।

४. विकास र सुशासन अभिवृद्धि गर्दै प्रभावकारी सेवा प्रवाहको आधार केन्द्रको रुपमा स्थापना गर्दै जनतालाई पुर्याउनु पर्ने कृषि, शिक्षा, स्वास्थ्य, विद्युत, खानेपानी तथा सरसफाई लगायतका सार्वजनिक सेवा सुविधाको प्रत्याभूति दिन हाम्रो महत्वपूर्ण भूमिका रहन्छ । यसका लागि सरकारी, निजी, गैरसरकारी, सामुदायिक क्षेत्रसँग साझेदारी र सहकार्य गर्ने नीति लिइनेछ । शान्ति सुरक्षा, रोजगारी अभिवृद्धि, सामाजिक सुरक्षा र मानव संसाधनको क्षमता विकासमा सहयोगी भूमिका निर्वाह गर्दै स्थानीय सरकारको संयन्त्रबाट प्रवाह हुने सेवालाई समावेशी, व्यवसायिक, प्रतिस्पर्धी, सेवामुखी र स्वावलम्वी वनाउदै स्थानीय सरकारको सुशासनको संस्थागत विकासमा हामी प्रतिबद्ध छौं ।

५. प्राकृतिक सुन्दरता, बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक विशेषतायुक्त यस गाउँपालिका सामाजिक सद्भाव र सांस्कृतिक सहअस्तित्वमा आधारित एकताबद्ध, सभ्य र सुसंस्कृत समाज निर्माण गर्ने नीति अनुरुप समाजमा विद्यमान सबै प्रकारका विभेद तथा असमानतालाई हटाउन दुप्चेश्वर गाउँपालिका सदैव अग्रसर रहनेछ ।

६. संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने राजश्व हस्तान्तरण तथा विभिन्न अनुदान रकमको बाँडफाँड, मानव विकास सुचकाङ्क, जनघनत्व, आर्थिक तथा सामाजिक विकासका विविध परिसूचक, कार्यात्मक ईकाई तथा बजेट कार्यान्वयनको अवस्थाको मार्गचित्रबाट हुनुपर्ने, संघीय सरकार र प्रदेश सरकारको विभिन्न परियोजनाको जिम्मेवारी समेत स्थानीय सरकारको भएको हुँदा संघीय सरकार र प्रदेश सरकारले त्यसमा सहयोगी भूमिका निर्वाह गर्नेछ भन्ने विश्वास लिइएको छ ।

७. गाउँपालिकामा उपलब्ध स्रोत साधनको अधिकतम् परिचालन गरी तोकिएको निर्धारित परिणाममा लक्ष्य हासिल गर्न नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ ले निर्देश गरेका प्रक्रिया, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, संघीय तथा प्रदेश सरकारले जारी गरेका नीति, कानुन तथा मापदण्डहरु, स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पति हस्तान्तरण सम्वन्धि निर्देशिका, २०७४, संघीय, प्रादेशिक



Scanned with CamScanner

र स्थानीय तहको आवधिक विकास योजना, नीति, तथा विगतका वर्षहरुमा गाउँ कार्यपालिकाद्वारा विनियोजित योजना/कार्यक्रम तथा कार्यक्रमको वर्तमान अवस्था, गाउँपालिकालाई प्राप्त समपूरक अनुदान र त्यसबाट सिर्जित आर्थिक दायित्व एवम् वडा समितिबाट बजेट तर्जुमा समिति हुँदै सहभागितामूलक योजना तर्जुमा प्रक्रियाद्वारा प्राथमिकीकरण सहित प्राथमिकता प्राप्त आयोजना आदिलाई मानकका रुपमा स्थापित गरी वृहत् सहभागीतामूलक सिद्धान्त अवलम्बन गर्दै यो नीति तथा कार्यक्रम तयार गरिएको छ ।

सभामा उपस्थित सम्पूर्ण गाउँसभा सदस्यहरु,

अब म विषय क्षेत्रगत रुपमा तयार पारिएको आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छुः

कृषि तथा पशुपालनः

८. कोरोना भाइरसका कारण गाउँ फिर्ता हुनुभएका दाजुभाइ तथा दिदीबहिनीहरुलाई कृषि क्षेत्रमा आकर्षित गरी बाँझो जमिनलाई उर्वरायुक्त बनाई कृषि निर्भर दुप्चेश्वर निर्माण गर्न विशेष उपज अनुदान कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

९. समुन्द्रफिनी धानको उत्पादन अभिबृद्धिका लागि विशेष कार्यक्रम ल्याइनेछ ।

१०. कृषि क्षेत्रमा मानवीय शक्तिको न्यून उपस्थिति हुने क्रम बढ्दै गएकोले समय र श्रम दुबैको सही सदुपयोग गरी आधुनिक र उन्नत प्रविधिको माध्यमबाट खेती गर्नका लागि आवश्यक कृषि औजार/सामग्रीहरु अनुदान मार्फत् वितरण गर्न नीति विकास गरिनेछ ।

११. स्थान विशेष अनुसार खेती गर्न, माटोको प्रकृति र क्षमता अनुसारको कृषि उपज छनौट गरी अधिकतम् लाभ हासिल गर्न संघ र प्रदेश वीच समन्वय कायम गरी माटो परीक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

१२. उत्पादन तथा बजार सम्भावना रहेका फलफूल खेतीका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

१३. सात टन खाद्यान्न भण्डारण गर्न सकिने त्रिस्यान केन्द्र निर्माण गरिनेछ ।

१४. खुर्पानी, दाँते ओखर र कागती खेती प्रवर्द्धन र मौसम सुहाउँदो खाद्यान्न, तरकारीका बिउ वितरण र प्लाष्टिक टनेल निर्माणमा अनुदान कार्यक्रम सञ्चालनको नीति विकास गरिनेछ ।

१५. बजारमा उच्च माग भएका र तत्काल बिक्री वितरण गरी आय आर्जन गर्न सकिने नगदेबालीमा कृषकको प्राथमिकता र आर्कषण बृद्धि गर्न तालिम, समूह खेती, अध्ययन भ्रमण र अनुसन्धान गर्न थप लगानी गर्ने नीति लिइनेछ ।

१६. मसला बाली उत्पादन तथा प्याज र लसुनमा रहेको परनिर्भरतालाई अन्त्य गर्दै आत्मनिर्भर वनाउनका लागि विशेष पकेट क्षेत्र विस्तार गरिनेछ ।

१७. राष्ट्रिय निकुञ्ज आसपासका कृषकको कृषि उपज वन्यजन्तुले क्षति गर्दै आएका छन् । यस्ता क्षेत्रमा वन्यजन्तुबाट हुने क्षति न्यूनीकरण गर्न वार बन्देजको व्यवस्थाका साथै वन्यजन्तुबाट क्षति नहुने



पार्वती नागासिङ कुलमाया सिता पार्वती

Scanned with CamScanner

खेती प्रविधि तथा अन्य उपयुक्त खेतीलाई प्रोत्साहित गर्ने संघ र प्रदेश सरकारका विषयगत मन्त्रालयहरु एवम् विभागहरु र निर्देशनालयहरुसँग सहकार्य गर्ने नीति लिइनेछ ।

१८. पशुपंक्षीमा महामारीको रुपमा देखिने विभिन्न रोग (भ्यागुते, चरचरे, खोरेत, पि.पि.आर, रानीखेत, गम्बरो) नियन्त्रणको लागि नियमितरुपमा आवश्यक औषधी र खोपको भण्डारण गरी राख्ने व्यवस्था गरिनेछ ।

१९. पोषणयुक्त घाँसहरुको विकासमा जोड दिइनेछ । यसका लागि पाखावारी, कान्ला र त्यसै खेर गइरहेको जमिनमा घाँस खेती गरी पशुपालनमा जोड दिइनेछ ।

२०. पशुविकासको लागि नश्लसुधारमा जोड दिइनेछ । यस दुप्चेश्वर गाउँपालिकालाई बाख्राको पकेट क्षेत्र बनाई बाख्रामा कृतिम गर्भाधान सेवा सुचारु गरिनेछ ।

२१. दूध, मासु, माछा र अण्डामा आत्मनिर्भर बनाउनको लागि व्यवसायिक फार्म अनुदान कार्यक्रमलाई प्राथमिकताका साथ अगाडि वढाइनेछ ।

२२. पशुबाट मानिसमा सर्ने विभिन्न रोगका बारेमा सचेतनात्मक कार्यक्रम अगाडि बढाइनेछ ।

२३. पशुसेवा क्षेत्र विस्तार गरी कृषकलाई प्रत्यक्ष र शीघ्र सेवा उपलव्ध गराउन एक वडा एक प्राविधिकको क्रमिक रुपमा व्यवस्था मिलाउन पहल गरिनेछ ।

२४. विदेशबाट फर्किएका युवाहरुलाई स्वदेशमै कृषि कर्ममा उत्साहित गर्न एक घर दुई भैंसी विकास कार्यक्रम सञ्चालन गरिनेछ।

२५. गरिब, दलित, निम्न आय भएका महिलाहरुलाई समूहमा आवद्ध गरी बाख्रा पैंचो कार्यक्रम सञ्चालनको नीति विकास गरिनेछ ।

२६. पशुपालक किसानलाई उत्साहित गर्न गाई भैंसीमा सुत्केरी भत्ता कार्यक्रम अगाडि वढाइनेछ ।

## स्वास्थ्य

२७. कोरोना भाइरसको प्रकोपका कारण विस्थापित भई आफ्नो गाउँ भित्रिनु भएका दाजुभाइ तथा दिदीबहिनीहरुलाई सुरक्षित तवरले राखे प्रबन्ध गर्न तथा विपद् वा महामारीको समयमा आवश्यकता अनुसार क्वारेन्टिन गृहको स्थापना तथा सञ्चालन गर्न एवम् आवश्यकता अनुसार स्वास्थ्य सामाग्री उपलव्ध गराई सवै स्वास्थ्य संस्थाहरुबाट सम्भव भएसम्म अधिकतम् स्वास्थ्य सुविधा उपलव्ध गराउने प्रवन्ध मिलाईनेछ ।

२८. Case Investigation and Contact Tracing Team (CICTT) लाई सक्रिय बनाई कोभिड-१९ रोगको केस अनुसन्धान, निगरानी, परीक्षण, रोकथाम तथा नियन्त्रण लगायतका प्रक्रियालाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

२९. दीर्घरोगीलाई प्रदान गर्रिदै आएको आर्थिक सुविधालाई निरन्तरता दिइनेछ ।



Scanned with CamScanner

३०. सरुवा रोग रोकथाम तथा नियन्त्रण र स्वास्थ्य बिपद् व्यवस्थापनको तयारी तथा प्रतिकार्य गर्न Early Warning and Reporting System (EWARS) लाई प्रभावकारी बनाई स्वास्थ्य सेवामा प्रतिरोधात्मक विधिलाई प्राथमिकतामा राखी स्वास्थ्य कार्यक्रमहरु संचालन गरिनेछ ।

३१. प्रवर्द्धनात्मक स्वास्थ्य सेवालाई प्राथमिकतामा राखी बिभिन्न सर्ने तथा नसर्ने रोगहरुको कारण तथा जोखिम तत्वहरु न्यूनीकरण गर्न स्वास्थ्य शिक्षाका कार्यक्रमहरु संचालन गरी दुप्चेश्वरको समग्र स्वास्थ्य स्थितिमा सुधार गरी समृद्ध दुप्चेश्वर निर्माणमा टेवा पुर्याइने छ ।

३२. स्वास्थ्य संस्थामा प्रसुति, सुरक्षित मातृत्वको प्रत्याभूति भन्ने मूल नाराका साथ पूर्ण संस्थागत सुत्केरी कार्यक्रमलाई निरन्तरता दिंदै आवश्यक भौतिक पूर्वाधार तथा जनशक्तिको उचित व्यवस्थापन गरी दुप्चेश्वर गाउँपालिकाको वडा नं. २, ४ र ५ मा रहेको स्वास्थ्य संस्थाहरुमा प्रसुती गृह स्थापना गरिनेछ । बाँकी वडाहरुमा क्रमशः प्रयोगशाला व्यवस्थापन गर्दै लगिनेछ ।

३३. संस्थागत सुत्केरी दरलाई बढावा दिन प्रसुति-गृहहरुमा प्रजनन् सेवा केन्द्र स्थापना गरिनेछ।

३४. गर्भवती महिलाको पोषण अवस्था सुधार तथा गर्भमा रहेको वच्चाको उचित वृद्धि विकासमा मद्दत पुर्याउने हेतुले संचालनमा ल्याइएको गर्भवती महिलाको घरमा झण्डा र हातमा अण्डा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३५. मातृ तथा नवशिशु स्वास्थ्यमा सुधार गर्न भिडियो एक्स-रे मेसिनको व्यवस्थापन तथा सञ्चालन गरी गर्भवती महिलालाई गाउँपालिका भित्रै अल्ट्रासाउण्ड गर्ने व्यवस्था मिलाइने छ ।

३६. स्वास्थ्य संस्थाहरुमा पूर्वाधार विकास, औषधी तथा जनशक्तिको व्यवस्थापन गरी सेवाको समतामूलक पहुँच एवम् गुणस्तरमा बृद्धि गरिनेछ ।

३७. आवश्यक भौतिक पूर्वाधार, औजार, उपकरण तथा दक्ष जनशक्ति संहितको १५ शैय्याको अस्पताल स्थापनाको लागि यथोचित समन्वय र पहल गरिनेछ ।

३८. स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई आवश्यकता अनुसार क्षमता अभिवृद्धिको अवसर प्रदान गरिनेछ ।

## शिक्षा, युवा तथा खेलकुद

३९. शिक्षा, युवा र खेलकूद विकासका आधार हुन् । यो क्षेत्र मर्यादित एवम् परिष्कृत जीवन र सम्मानित रोजगारी तथा उद्यम विकासको आधार समेत हो । ज्ञानमा आधारित गाउँ समाजका माध्यमबाट गाउँ विकासका क्षेत्रमा बहुआयामिक कार्य गर्न सकिन्छ । कोरोना लगायत विश्वव्यापी अन्य महामारी, प्राकृतिक प्रकोप प्रति सजग रही गुणस्तरीय शिक्षा प्रदान गर्नु गाउँपालिकाको लक्ष्य हुनेछ ।

४०. शिक्षक दरबन्दी न्यून भएका विद्यालयहरुमा शिक्षक अभावलाई परिपूर्ति गरी शिक्षणसिकाइ क्रियाकलापमा टेवा पुर्याउने उद्देश्यले गत आ.व. देखि विभिन्न विद्यालयमा नियुक्त गरिएको ४४ जना स्वयम् सेवक शिक्षक कार्यक्रमलाई कोभिड-१९ का कारण संघीय राजश्वको संकुचनको अवस्थिति र सो मार्फत् गाउँपालिकालाई प्राप्त हुने अन्य अनुदान रकममा समेत उल्लेख्य कटौती भएकोले अति नै प्रभावकारी हुँदा हुँदै पनि यस आ.व बाट यस कार्यक्रमलाई निरन्तरता दिन सकिएन । शिक्षा क्षेत्रमा



Scanned with CamScanner

रही करिब एक वर्ष सेवा प्रवाह गर्नुहुने सम्पूर्ण स्वयंसेवक शिक्षकहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

४१. शून्य दरवन्दी भएका प्राथमिक विद्यालय, निम्नमाध्यमिक र माध्यमिक तह सञ्चालित भई अंग्रेजी, विज्ञान र गणित विषयका शिक्षक दरबन्दी नभएका विद्यालयलाई आवश्यकता अनुसार भौचर प्रणालीमा आधारित सुदृढीकरण अनुदान प्रदान गरिनेछ । विद्यार्थी संख्या न्यून भएका विद्यालयहरुमा कार्यरत् शिक्षकहरुलाई सम्भव भएसम्म नजिकैको विद्यार्थी अधिक तर दरबन्दी न्यून भएको विद्यालयमा व्यवस्थापन गर्दै लगिनेछ ।

४२. कोभिड-१९ का कारण बन्द रहेको पठनपाठन कार्यलाई वैकल्पिक प्रविधिको प्रयोग गरी अगाडि बढाइने छ ।

४३. शिक्षाको गुणस्तर अभिवृद्धि, शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न तथा गाउँपालिका क्षेत्रमा रहेको विषयगत शिक्षक दरबन्दी अभाव एवम् प्रविधिमैत्री शिक्षण गर्न कम्तीमा ३ वटा विद्यालयमा गैरसरकारी संस्थाको समेत सहकार्यमा टेलि एजुकेशन पद्धति स्थापना र सञ्चालन गरिनेछ ।

४४. गाउँपालिका क्षेत्रका युवाहरुलाई लक्षित गरी युवा क्लव स्तरीय खेलकूद प्रतियोगिता सञ्चालन गरिनेछ । गाउँ क्षेत्रका उत्कृष्ट खेलाडीहरुलाई सम्मान र प्रोत्साहन गर्ने नीति लिइनेछ । दुप्चेश्वर कप भलिबल प्रतियोगितालाई निरन्तरता दिइनेछ । दुप्चेश्वर गाउँपालिकाभित्र उपयुक्त स्थानमा खेलकुद मैदान निर्माण गरिनेछ ।

४५. विद्यालयमा अध्ययन गर्ने अपाङ्गता भएका बालबालिका र टुहुरा बालबालिकाहरुलाई कार्यविधि निर्माण गरी वर्षमा एक पटक शैक्षिक सामग्री तथा विद्यालय पोशाक प्रदान गरिनेछ ।

४६. बालविकासमा कार्यरत् शिक्षकहरुलाई सामग्रीमा आधारित पुनर्ताजगी कार्यक्रम सञ्चालन गरिनेछ ।

४७. छात्राहरुमा महिनावारीका कारण विद्यालय छाड्ने दर उच्च रहेकोले उक्त उमेर समूहका सबै छात्राहरुलाई विद्यालयमा नै महिला शिक्षकलाई फोकल पर्सन तोकी निज मार्फत् पर्याप्त मात्रामा स्यानिटरी प्याड वितरण गरिनेछ ।

४८. शैक्षिक सत्र २०७८ देखि कक्षा १ मा तामाङ भाषाको स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास गरी लागू गरिनेछ ।

४९. एकल महिला, अपाङ्गता, आदिवासी, जनजाति, दलित, शहीद तथा वेपत्ता पारिएका परिवारका सदस्य, वैदेशिक रोजगारीका सिलसिलामा मृत्यु भएका कामदारको परिवार, भूकम्प वा प्रकोपका कारण विस्थापित तथा प्रभावित र अति विपन्न वर्गका अन्य समूदायको परिवारका सदस्यहरुलाई उच्चशिक्षा अध्ययनको लागि शैक्षिक छात्रवृत्ति व्यवस्थापन कार्यविधि बमोजिम छात्रवृत्ति प्रदान गरिनेछ ।

सभामा उपस्थित सम्पूर्ण गाउँसभा सदस्यहरु,



Scanned with CamScanner

महिला, बालबालिका तथा समाजकल्याण

५०. आर्थिक समृद्धि र दिगो विकासका लागि समान अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोतसाधन अवसर र लाभमा महिलाको समान पहुँच स्थापित गर्न सक्ने लक्षित कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।

५१. लैंगिक उत्तरदायी बजेट विनियोजन प्रणालीलाई कार्यान्वयन गरिने तथा लैगिक नीति निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

५२. मानव विकास सूचकाङ्कका आधारमा पछि परेको वर्ग र समुदायको सशक्तीकरण गर्दै आर्थिक र सामाजिक रुपान्तरणका लागि लक्षित वर्ग कार्यक्रम सञ्चालन गरिनुका साथै सीप तथा क्षमता विकास तालिम कार्यक्रम सञ्चालन गरी गाउँपालिका क्षेत्रमा उपलब्ध रोजगारीका अवसरहरुको उपयोगका लागि सक्षम बनाउने नीति अख्तियार गरिनेछ ।

५३. मौलिक हकका रुपमा रहेको बालबालिकाको हकलाई व्यवहारमा रुपान्तरण गर्न गाउँपालिका क्षेत्रमा रहेका बालबालिकाहरुको तथ्याङ्क संकलन गरी उनीहरुको वास्तविक अवस्था पहिचान गरिनेछ ।किशोरकिशोरीहरुलाई सबै प्रकारको हिंसा, दुर्व्यवहार र शोषणबाट मुक्त गराउँदै उनीहरुको हक अधिकार प्रयोग गर्न सक्षम नागरिकको रुपमा विकास गर्ने नीति अवलम्वन गरिनेछ ।

५४. अपाङ्गता भएका व्यक्तिको सहज जीवनयापनका लागि पुनर्स्थापना, स्वास्थ्योपचार र सहायक सामग्रीहरुको व्यवस्था गर्न नेपाल सरकार र प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।

५५. विद्यालयका विद्यार्थीहरुका लागि सामाजिक सञ्जालको प्रयोग, बालविवाह, बहुविवाह, जवरजस्ती करणी सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

५६. स्वास्थ्य संस्थाको समन्वयमा समुदायस्तरमा स्वच्छ महिनावारी दिवस कार्यक्रम सञ्चालन गरिनेछ ।

५७. महिलाको नाममा अचल सम्पत्ति पास गर्दा शुल्क नलाग्ने तथा राहत लगायतका सरकारी सेवासुविधा प्राप्त गर्दा घरमूलीको नामको महलमा महिलाको नाम समेत लेख्ने नीति अवलम्वन गरिनेछ ।

५८. परम्परागत हानीकारक सामाजिक संरचनाहरुलाई क्रमशः हटाउँदै जाने नीतिको विकास गरिनेछ ।

५९. न्यायिक समितिमा छुट्टै इजलासको व्यवस्था गरिनेछ ।

६०. गाउँ कार्यपालिका र सातै वडामा स्तनपान कक्ष निर्माण गरी सञ्चालनमा ल्याइने नीति लिइनेछ ।

६१. लैंगिक समानता सामाजिक समावेशीकरण परीक्षणलाई निरन्तरता दिइनेछ । गठित वालक्लवहरुको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

६२. लैङ्गिक उत्तरदायी वजेट अन्तर्गत छुट्याइएको रकम अन्य शीर्षकमा रकमान्तर गर्न नपाइने नीति अवलम्वन गरिनेछ ।



नागासन्द कुलमाया शुभद्रा मञ्जरी पार्वती सिता पार्वती

Scanned with CamScanner

६३. गाउँपालिका क्षेत्रका महिलाहरुका [illegible] तथा अन्य क्षेत्रमा वृत्तिविकासको मार्गप्रशस्त गर्न लोक सेवा आयोग र शिक्षक सेवा आयोगको तयारी कक्षाहरु सञ्चालन गरिनेछ ।

भौतिक पूर्वाधार विकास

६४. समुन्द्रटार, बालकुमारी, जिम्नाङ, पुरगाँउ, नयाँ छेपार, पाङगार, ओडारे नेगी, शिखरबेशी वच्छला मा.बि., सेराङ, सिम्टाङ, ढाङखर्क, बोकेढुङगा हुदै समुन्द्रटार जोड्ने दुप्चेश्वर गाँउपलिकाको २० कि.मि. गुणस्तरीय रिङरोड निर्माणको अवधरणालाई निरन्तरता दिईनेछ ।

६५. वडा नं १, ६ र ७ को आधारका रुपमा रहेको समुन्द्रटारदेखि रामती बजारसम्मको ३ कि.मि. सडक कालोपत्रे गरी दुप्चेश्वर मन्दिर आवतजावत र पर्यापर्यटन विकासमा टेवा पुर्याइनेछ । समुन्द्रटार, हुँड हुँदै कडेनीसम्मको सडकलाई कृषि सडकको रुपमा विस्तार गरिनेछ ।

६६. घ्याङफेदी, गाउँखर्क र राउतबेशीमा हेलिप्याड निर्माण गरिनेछ ।

६७. गैर सरकारी संस्थासँगको समन्वयमा सञ्चालित एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६८. गाउँ कार्यपालिकाको कार्यालय र वडा नं १ को कार्यालय भवन यस आ.व. मा सम्पन्न गर्दै क्रमशः बाँकी वडा कार्यालयहरुको भवन निर्माण गरिनेछ ।

६९. वर्षाका कारण क्षति पुगेका सडकहरुको स्तरोन्नति गरी आवागमनलाई सहज वनाइनेछ ।आवश्यकता अनुसार झोलुङ्गे पुलको निर्माण तथा प्रबलीकरण गरिनेछ ।

७०. "एक वडा, एक मूल सडक"को अवधारणा अनुरुप वस्तीलाई जोड्ने ग्रामीण सञ्जालको स्तरोन्नती गरी जनताको दैनिक जीवनयापनलाई परिवर्तन गर्ने गरी यातायात सेवा, वाणिज्य सेवा र अन्य उपयोगी सेवाहरुको पुनः निर्माण र पुन संरचनाका माध्यमबाट आधुनिकीकरण गर्दै लगिनेछ ।

७१. छरिएर रहेका वस्तीहरुलाई प्राकृतिक जोखिम नभएको स्थानमा स्थानान्तण गरी एकीकृत नमूना वस्ती निर्माण गरिनेछ ।

७२. वहुवर्षे सडक निर्माण कार्यलाई निरन्तरता दिंदै, उक्त सडक खण्डहरुलाई मापदण्ड बमोजिम वायो इन्जिनियरिङ पूर्वाधार निर्माण गरिनेछ ।

७३. अतिक्रमित सार्वजनिक जग्गाहरु फिर्ता गरी सोको व्यवथापनका लागि आवश्यक कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।

७४. स्वीकृत भवन निर्माण मापदण्डको पूर्ण कार्यान्वयन गरी समयानुकूल परिमार्जन गर्दै लगिनेछ ।

७५. ठेक्का प्रणालीलाई स्वच्छ, पारदर्शी, मर्यादित र विचौलिया रहित बनाई आर्थिक सुशासन कायम गर्न यथासम्भव सवै बोलपत्र अनलाइन प्रणालीबाट निस्काशन गरिनेछ ।

पर्यटन प्रवर्द्धन

७६. "पर्यटन पूर्वाधार– समृद्ध दुप्चेश्वरको आधार" भन्ने मूल नाराका साथ पर्यटन पूर्वाधार विकासमा केन्द्रीत कार्यक्रम संचालन गरी यस क्षेत्रको पर्यटन विकास गर्ने नीति लिइनेछ ।



Scanned with CamScanner

७७. नेपाल सरकार तथा वागमती प्रदेश सरकारबाट संचालित हुने पर्यटन प्रवर्द्धन कार्यक्रमसँग यस क्षेत्रको कार्यक्रम समेतलाई एकीकृत गरि संचालन गरिनेछ ।

७८. सडक मार्ग, दुप्चेश्वर महादेव तथा गोसाइकुण्ड जोड्ने गरी केवलकार निर्माणका लागि निजी क्षेत्रसँग सहकार्य गर्ने, होमस्टे क्षेत्र विकास, आधारभूत पूर्वाधार निर्माण, पर्यटन सूचना केन्द्र, गाउँपालिकामा पर्यटक हेल्प डेस्क जस्ता पर्यटन पूर्वाधारका कार्यक्रमहरु विकास गरि शीघ्र संचालनमा ल्याइनेछ ।

७९. गाउँपालिका भरका पर्यटकीय स्थलहरुको सम्भाव्यता अध्ययन र छनोटमा आधारित पूर्वाधार निर्माण कार्यलाई अघि बढाइनेछ ।

८०. सानो पशुपतिका रुपमा प्रख्यात श्री दुप्चेश्वर महादेवको मन्दिरमा प्रत्येक वर्ष धान्यपूर्णिमाका अवसरमा महिना भर लाग्ने मेलालाई थप व्यवस्थित गर्न उक्त क्षेत्रको समितिको क्षमता विकास गरिनेछ । दुप्चेश्वर मन्दिरको गुरुयोजना बमोजिम प्रतिवर्ष स्तरोन्नति कार्य अघि बढाइनेछ ।

८१. दुप्चेश्वर सांस्कृतिक महोत्सव, लाङटाङ रा.नि. रेडपाण्डा अवलोकन, कुटुङसाङ, मिश्रभन्ज्याङ, राहुचुली, रामती, करेजुङ, , रान्चेडाँडा, घ्यावर, दोङ्जे, घ्याङ डाँडा, गोल्फुभन्ज्याङ्ग, कुताव क्यावा भन्ज्याङ्ग, नाटाङ डाँडा, माने भन्ज्याङ्ग र समुन्द्रटार माथिल्लो टोल हुँदै ओडारे कडेनीलाई पर्यटकीय हवको रुपमा विकास गरिनेछ । उप्रादेखि कुतुङखोला सम्म क्षेत्रको तादी खोलामा फिसिङ जोन घोषणा, अन्य क्षेत्र अवलोकन जस्ता बहुआयमिक पर्यटकीय गतिविधि संचालन गरिनेछ ।

८२. विभिन्न जातजातीको मौलिक पहिचान संरक्षण तथा सम्बर्द्धनका लागि एकीकृत पर्यटन संग्रहालय र तामाङ संग्रहालय निर्माणका लागि पहल गरिनेछ ।

८३. समुन्द्रटार—घ्याङफेदी—तालुकसेरी—घोप्टेभीर—फेदी—सूर्यकुण्ड हुँदै गोसाइकुण्ड जोड्ने पर्यटन मार्ग (गोरेटो बाटो)मा युवा स्वरोजगार लक्षित कार्यक्रम मार्फत् आवश्यक पूर्वाधार निर्माण गरी दुप्चेश्वर महादेव मन्दिर र गोसाइकुण्ड बीच पर्या पर्यटन तथा सांस्कृतिक सम्बन्धलाई थप मजबुत बनाइनेछ ।

<u>सभामा उपस्थित सम्पूर्ण गाउँसभा सदस्यहरु,</u>

## विपद् तथा महामारी व्यवस्थापन

८४. क्षेत्रगतरुपमा विपद् जोखिम न्यूनिकरणका लागि प्राविधिक टोलीद्वारा नक्सांकन गरी पहिचान तथा सचेतनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

८५. कोरोना लगायत अन्य महामारीले जनमानसमा पार्ने नकारात्मक धारणालाई हटाउन निजी तथा गै.स.सको समन्वयमा विद्यालय तथा सामुदायिक अध्ययन केन्द्र मार्फत् मनोपरामर्श सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

८६. कोराना लगायत अन्य विषाणुको प्रकोपका कारण स्वेदश फिर्ता हुनु भएका नागरिकहरुलाई व्यवस्थित तवरले तोकिएको स्थानदेखि गाउँपालिका क्षेत्रमा भित्र्याई निश्चित समयावधिसम्म स्वास्थ्य हेरचाह (क्वारेन्टाइन) मा राख्न आवश्यकता अनुसार क्वारेन्टिन स्थल निर्माण तथा पर्याप्त स्वास्थ्यकर्मीको



Scanned with CamScanner

व्यवस्था/परिचालन गरिनेछ साथै स्थानीय विपद् व्यवस्थापन कोष/कोरोना कोषलाई मजबुत बनाइनेछ ।

## सहकारी र वित्तीय क्षेत्रः

८७. गाउँपालिका क्षेत्रको आर्थिक र सामाजिक रुपान्तरणका लागि गुणात्मक एवम् दिगो सहकारिता अभिबृद्धि गर्न गाउँपालिका क्षेत्रका सहकारी र वित्तीय क्षेत्रलाई परिचालन गर्ने नीति लिइनेछ । सहकारीको माध्यमबाट गरिब, विपन्न वर्गका सदस्यको संलग्नतामा सञ्चालन हुने उत्पादन र लगानी आम नागरिकको पहुँच स्थापित गर्न सहकारी संस्था र गाउँपालिकाको साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ ।

८८. कृषिमा आधुनिकीकरण र व्यवसायीकरण गर्न साना किसानहरुलाई सहकारीको माध्यमबाट एकीकृत गर्दै सामूहिक खेती, तरकारी, बीऊ बिजन, फूल र अन्य कृषि उपजको बजार व्यवस्थापन गरिनेछ ।

८९. सहकारी क्षेत्रको क्षमता अभिवृद्धिका लागि सहकारी शिक्षा, नेतृत्व विकास र व्यवस्थापन तालिम समन्यात्मक रुपमा सञ्चालन गर्दै जाने नीति लिइनेछ ।

९०. गरिवी निवारण र आयआर्जन सम्बन्धी कार्यक्रम सञ्चालनार्थ सहकारी क्षेत्रलाई प्राथमिकता साथ सहभागी गराइनेछ ।

## सभामा उपस्थित सम्पूर्ण गाउँसभा सदस्यहरु,

## सामुदायिक संघ संस्था

९१. गाउँपालिका क्षेत्रभरमा कार्यरत विभिन्न सामाजिक संघ संस्था, गैसस, सहकारी संस्थाहरु, महिला संजाल तथा समूह, युवा क्लब, लगायत सबैसँग आवश्यक सहकार्य गरी समृद्ध दुप्चेश्वर निर्माणमा उनीहरुको भूमिकालाई उचित स्थान दिइनेछ ।

९२. समाज रुपान्तरणका लागि क्रियाशील संघसंस्थाहरुलाई दर्ता, अभिलेखीकरण, नवीकरण तथा कार्यसम्पादनको अवस्थाको नियमन/मूल्यांकन कार्य प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

९३. गाँउपालिकाभित्र जुनसुकै विषय वा क्षेत्रमा कार्यक्रम संचालन गर्न ईच्छुक गैह्र सरकारी संस्थाहरुलाई एकद्वार प्रणालीबाट गाँउपालिकाको स्वीकृति तथा अन्य मापदण्ड पूरा गरेका संघ संस्थालाई मात्र कार्यक्रम संचालनको अनुमति प्रदान गरिनेछ ।

९४. स्वास्थ्य, प्राकृतिक प्रकोप, महामारी जस्ता क्षेत्रमा कार्य गर्न इच्छुक सामाजिक संस्थालाई विशेष प्राथमिकता दिइनेछ ।

९५. आवश्यकतामा आधारित कार्यक्रमका अलावा अन्य कार्यक्रम सञ्चालन अनुमति दिइने छैन । गाउँपालिकाको समग्र आर्थिक, सामाजिक तथा पूर्वाधार विकासका लागि सहकार्य गर्दै कार्यक्रममा



पार्वती
सिता
पार्वती
मन्त्रिनी
नानीरत्न
कृष्णमाया

Scanned with CamScanner

सहभागी हुन इच्छुक संघसंस्थाहरुलाई योजना/कार्यक्रमको लागि आवश्यक पर्ने बजेटमा समपुरक कोष मार्फत् सहभागी हुन प्रोत्साहन गरिनेछ ।

## उर्जा तथा जलविद्युत

९६. वैकल्पिक ऊर्जा, नवीकरणीय ऊर्जा जस्ता ऊर्जाका नवीनतम् स्रोतको प्रयोगमा अभिवृद्धि गर्ने गरी कार्यक्रमहरु तर्जुमा गरिनेछ ।

९७. स्थानीय तादी खोला तथा चन्द्रावतीमा निर्माणाधीन जलविद्युत आयोजनाको स्थानीय स्तरमा रहेको समस्या समाधान गरी शीघ्र सम्पन्न गर्न सहजीकरण गरिनेछ ।

९८. गाउँपालिका क्षेत्रको नदीको सदुपयोग गरी जलविद्युत् हबको रुपमा विकास गर्न निजी तथा गैरसरकारी संघसंस्थालाई विद्युतमा लगानी प्रोत्साहन गरिनेछ ।

## वन, वातावरण तथा जलाधार

९९. वन, जैविक विविधता तथा जलाधारको दिगो र सहभागितामूलक व्यवस्थापनबाट वातावरणीय सन्तुलन र स्वच्छता कायम राख्न यसको उच्चतम् उपयोगका लागि अध्ययन अनुसन्धानमा आधारित आवधिक गुरुयोजना तयार गरिनेछ ।

१००. गाउँपालिका क्षेत्रका वनको उचित संरक्षण गर्दै खुला, प्रति, सरकारी जमिनमा फलफूल विरुवाका वृक्षहरुको वृक्षारोपण अभियानकै रुपमा सञ्चालन गरिनेछ। वन विनाश प्रति सजग र सचेत गराउदै संरक्षण, विकास र प्रयोगमा आम गाउँपालिकावासीको सहभागिता वृद्धि गरिनेछ । गाउँपालिका क्षेत्रका वन उपभोक्ता समितिहरु गाउँपालिकामा सूचीकरण गर्ने व्यवस्था मिलाइनेछ ।

१०१. वन तथा वन्यजन्तु विनाश गर्ने, वन क्षेत्रको भौतिक संरचना विगार्ने, मास्ने र अनधिकृत रुपमा वन क्षेत्रको प्रयोग गर्ने, प्राकृतिक श्रोत साधनको दोहन गर्ने व्यक्ति तथा समुदायको पहिचान गरी कानूनी दायरा भित्र ल्याइनेछ ।

१०२. गाउँपालिकाको अभिलेखमा रहेका खानेपानी स्रोतहरुको उपयोग र वितरणको मापदण्ड निर्धारण गरी सामुदायिक नेतृत्वमा व्यवस्थापन गरिनेछ ।

१०३. जलाधारको दिगो संरक्षणका लागि मापदण्ड निर्धारण गरिनेछ र जलाधारको मापदण्ड मिच्ने, मास्ने, विनाश गर्ने र स्रोत दूषित गर्ने ब्यक्ति तथा समूहको पहिचान गरी कानूनी दायरामा ल्याइनेछ ।

१०४. फोहोरमैला संकलन तथा व्यवस्थापन कार्यको लागि फाहोरमैला वर्गीकरण, पुनः प्रयोग, तथा प्रभावकारी व्यवस्थापनका आवश्यक कार्ययोजना वनाई सञ्चालनमा ल्याइनेछ ।

१०५. वन्यजन्तुको संरक्षण गरी पर्यावरणीय चक्र कायम राख्न सिमसार क्षेत्रको सम्वर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।



Scanned with CamScanner

## कर व्यवस्थापनः

१०६. "कर डर होइन, दुप्चेश्वर विकासको मूल" हो भन्ने तथ्यलाई आत्मसात गर्दै सबै प्रकारका आर्थिक क्रियाकलापहरुलाई राजस्व प्रशासनको दायराभित्र ल्याइनेछ । दुप्चेश्वर गाउँपालिकाले आन्तरिक श्रोतको दिगो व्यवस्थापन गर्दै स्रोत परिचालन गर्न आवधिक स्रोत परिचालन रणनैतिक योजना स्वीकृत गरी लागू गरिनेछ । कर छुली र चुहावट नियन्त्रण गरी कराधार फराकिलो बनाउँदै लगिनेछ ।

१०७. प्रचलित कानून अनुसार निर्धारण भएको कर तथा गैर कर राजस्व परिचालन गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ । बहाल कर र व्यवसाय दर्ता तथा व्यवसाय कर संकलनका लागि वडास्तरीय कार्यक्रम सञ्चालन गरिनेछ ।

१०८. कर तिर्ने र राजस्व उठाउने प्रणालीलाई अनलाइनका माध्यमबाट सञ्चालन गर्ने र राजस्व प्रशासनलाई थप प्रभावकारी र प्रविधिमैत्री बनाउन कर्मचारीहरुका लागि थप तालिमका साथै प्रविधि सुधार र क्षमता विकासमा लगानी गरिनेछ ।

१०९. राजस्व सुधार विकास परियोजनालाई आगामी आ.व. देखि कार्यान्वयनमा ल्याइनेछ । उचित राजस्व बुझाउने करदातालाई उचित पुरस्कारको व्यवस्था गरिनेछ ।

## सभामा उपस्थित सम्पुर्ण गाउँसभा सदस्यहरु

## सार्वजनिक सेवा प्रवाह

११०. गाउँकार्यपालिका, वडा कार्यालय तथा अन्य विषयगत कार्यालय मार्फत् प्रवाह गर्ने सेवालाई जनमुखी, उत्तरदायी, पारदर्शी, सहयोगात्मक, प्रविधिमैत्री बनाउन प्रशासकीय पुनर्संरचना गरिनेछ ।

१११. लोकसेवा आयोगबाट गाउँपालिकाको दरवन्दी तेरिज बमोजिम स्थायी कर्मचारी पदपूर्ति भएकोले अति आवश्यक सेवा समूहमा वाहेक करारमा कर्मचारी भर्ना नगर्ने र हाल करारमा कार्यरत् कर्मचारीहरुको संख्या कटौती गरिनेछ ।

११२. सेवाप्रवाहलाई चुस्त दुरुस्त र जनपेक्षी वनाई घरदैलोमा पुगी सेवा गर्न र सेवाको गुणस्तर सुनिश्चित गर्न घुम्ती शिविर कार्यक्रम सञ्चालन गरिनेछ।

११३. कार्यालयमा हेल्पडेक्स, गुनासो सुनुवाइ तथा सम्वोधन गर्ने संयन्त्रको विकास गरिनेछ ।

११४. सार्वजनिक सेवा प्रवाहको क्षेत्रमा फ्रन्ट लाइन सर्भिस प्रोभाइडर कर्मचारीहरुको लागि क्षमता विकास तालिम तथा अन्य उत्प्रेरक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

११५. गाँउपालिकाको आवधिक योजना र क्षेत्रगत गुरु योजना तयार भएको सन्दर्भमा उक्त प्रतिवेदनले औंल्याएका क्षेत्रहरु लक्षित गरी सार्वजनिक सेवा प्रवाहलाई समयसापेक्ष सुधार गर्दै जाने नीति लिइनेछ



Scanned with CamScanner

११६. संविधानतः प्राप्त अधिकारको प्रयोगको लागि आवश्यक रहेका विषयमा कानूनको निर्माण गरी कार्यान्वयन गरिनेछ ।

११७. गाउँपालिकाद्वारा सम्पादित कामहरुको वेभसाइट/अनलाइन पद्धतिमार्फत् बिल सार्वजनिकीकरण गर्ने प्रणालीको थालनी गरिनेछ ।

११८. न्यायिक समितिको छुट्टै सचिवालय निर्माण गरी सञ्चालनमा ल्याइनेछ ।

११९. स्वीकृत भएका ऐन कानूनहरु नियमानुसार स्थानीय राजपत्रमा प्रकाशित गरिनेछ । स्थानीय राजपत्रहरुको अभिलेख तयार गरी सर्वसाधारणको जानकारीको लागि प्रकाशन तथा वितरण, गाउँपालिकाद्वारा सम्पादित असल अभ्यास तथा महत्वपूर्ण सिकाइको अभिलेखिकरणको प्रवन्ध गरिनेछ साथै गाउँपालिकाको वेभसाइटमा अपलोड तथा अद्यावधिक कार्य गरिनेछ ।

सभामा उपस्थित सम्पूर्ण गाउँसभा सदस्यहरु,

१२०. आम नागरिकहरुको सेवाप्रवाह र विकासलाई प्रभावकारी बनाउन हामी अहोरात्र कार्यस्थलमा खटिरहेका छौ । विगत ३ वर्षको कार्यकालमा महत्वपूर्ण उपलब्धीहरु हासिल भएका छन् । नागरिकहरुको जीवनस्तरमा गुणात्मक परिवर्तन हुँदै आएको महसुस भएको छ । नागरिकको माग र आवश्यकता दिन प्रतिदिन बढ्दो छ, तर स्रोत र साधनको सीमितता छ ।कोरोनाको त्रास र दुप्चेश्वरवासीको आस बीच संन्तुलन कायम गर्दै न्यायपूर्ण तवरले स्रोत साधनको वितरण मार्फत् सेवाप्रवाह र विकास कार्य गर्न हामी प्रतिवद्ध छौ ।

१२१. अन्त्यमा, दुप्चेश्वर गाउँपालिकाको यस गाउँसभामा मैले पेश गरेको नीति तथा कार्यक्रमलाई सफल कार्यान्वयनमा हौसला प्रदान गरिदिन उपस्थित सम्पूर्ण महानुभाव, क्रियाशील सम्पूर्ण राजनीतिक दल, सुरक्षा निकायका प्रतिनिधि, सञ्चार जगतका पत्रकार मित्रहरु तथा आम दुप्चेश्वरवासीमा धन्यवाद सहित आभार व्यक्त गर्दछु ।प्रस्तुत नीति तथा कार्यक्रमको सफलताका लागि आम दुप्चेश्वरवासीहरुवाट सकारात्मक पृष्ठपोषण र मार्गदर्शनको अपेक्षा राखेको छु ।

दुप्चेश्वर महादेवले हामी सवैको कल्याण गरुन् , जय दुप्चेश्वर ।

धन्यवाद ।

योविन्द्र सिंह तामाङ
अध्यक्ष
दुप्चेश्वर गाउँपालिका, समुन्द्रटार
नुवाकोट
वागमती प्रदेश, नेपाल

मितिः २०७७ साल असार ९ गते, मंगलवार



Scanned with CamScanner